नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम**

Provincial and Local Governance Support Program (PLGSP)

**कार्यशर्त विवरण (Terms of Reference)**

स्थानीय तहबाट प्रदान गरिने सेवाको मापदण्ड तयार गर्ने

(Develop National Standard of Local Services for Local Governments)

## १.परिचय

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) नेपाल सरकारको प्रमुख राष्ट्रिय कार्यक्रम हो । यो कार्यक्रम सङ्घ, प्रदेश तथा स्थानीय सरकारको संस्थागत, संगठनात्मक र व्यक्तिगत क्षमता निर्माणमा बढी केन्द्रित छ । प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) यसको अवधारणामा एक नितान्त नवीनतम कार्यक्रम हो । प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) ले छाता कार्यक्रमका रूपमा प्रदेश तथा स्थानीय तहमा सुशासन सम्बन्धी कार्यक्रमहरूमा समन्वय र सहकार्यको लागि साझा संरचना (Framework) प्रदान गर्दछ । यसको साथै अन्य विकास साझेदारहरुबाट प्राप्त अनुदान कार्यक्रमहरूको समायोजन गर्दछ ।

नेपालको संविधानको अनुसूचि ८ र ९ ले स्थानीय तहको एकल तथा साझा अधिकारको कार्यसूचि उल्लेख गरेको छ । यस संवैधानिक प्रावधान अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद - ३ मा गाउँपालिका तथा नगरपालिकाहरूले गर्नुपर्ने विस्तृत कार्य जिम्मेवारीहरू उल्लेख गरिएको छ साथै संविधानमा नेपाल सरकार र प्रदेश सरकारले स्थानीय तहलाई खर्च आवश्यक्ताको आधारमा वित्तिय समानीकरण र राजश्व बाँडफाँड गर्नुपर्ने र यस प्रयोजनको लागि खर्च आवश्यकता निर्धारण गर्दा स्थानीय तहको स्थानीय सेवाको राष्ट्रिय मापदण्ड समेत आवश्यक पर्ने हुन्छ ।

स्थानीय सेवाहरूको राष्ट्रिय मापदण्ड निर्धारण गर्दा जनसंख्या, सडक घनत्व, सवारी साधनका संख्याको आधारमा प्रतिलाख जनसंख्यामा आवश्यक नगरप्रहरीहरूको संख्या र नगरप्रहरीहरूको योग्यता, सहकारी संस्थाहरूको नियमनको लागि आवश्यक कर्मचारीको संख्या र कर्मचारीको न्यूनतम योग्यता ,स्थानीय कर सम्बन्धी न्यूनतम कर मापदण्डहरू, आधारभूत शिक्षा र माध्यमिक शिक्षा सम्बन्धी न्यूनतम सेवा मापदण्ड आधारभूत स्वास्थ्य र सरसफाईसम्बन्धी मापदण्ड, स्थानीय सडक सम्बन्धी मापदण्ड, सडकदेखि बाहेक अन्य स्थानीय क्षेत्रका मापदण्ड, वातावरण र विपद्को सेवा सम्बन्धी आधारभूत मापदण्ड, स्थानीय आर्थिक विकासका मापदण्ड,शहरी विकास सम्बन्धी मापदण्डहरू, कृषि प्रसार र पशु सेवा विकास सम्बन्धी मापदण्ड, खानेपानी र स्थानीय उर्जा सम्बन्धी मापदण्ड, यातायात सेवा सम्बन्धी मापदण्ड, घटना दर्ता सम्बन्धी मापदण्ड,अन्य सान्दर्भिक मापदण्डहरू तयार गर्नु पर्ने देखिन्छ ।

स्थानीय तहहरुबाट प्रदान गरिने सेवाको मापदण्ड निर्धारण गर्नको लागि चालू आर्थिक बर्षमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमले यो कार्यक्रम अगाडी सारेको छ ।

## २. उद्देश्य

स्थानीय तहबाट प्रदान गरिने सेवाको मापदण्ड तयार गर्ने ।

## ३. औचित्य

स्थानीय सेवाको राष्ट्रिय मापदण्डले स्थानीय तहको खर्चको आवश्यक्ता निर्धारण गर्न सहयोग पुग्ने, स्थानीय तहलाई उपलव्ध गराउने अनुदानको सीमा र क्षेत्र निर्धारण गर्न सहयोग हुने र यसले न्यूनतम राष्ट्रिय मापदण्डको स्थानीय सेवा प्रवाहमा समेत सहयोग गर्नेछ । यस मापदण्ड निर्माणले छरिएर रहेका विभिन्न मापदण्डहरूलाई एकिकरण गर्न समेत सहयोग गर्नेछ । यसबाट स्थानीय नागरिकहरूले गुणस्तरीय प्रभावकारी सेवा समेत प्राप्त गर्नसक्नेछ ।

## ४. अपेक्षित उपलब्धी

स्थानीय तहबाट प्रदान गरिने सेवाको मापदण्ड तयार भएको हुनेछः

## ५. प्रतिवेदनको भाषा

प्रतिवेदनको दस्तावेज नेपाली भाषामा हुनेछ र दस्तावेजलाई भाषाविज्ञबाट सम्पादन गर्नुपर्नेछ ।

## ६. परामर्शदाताले गर्नुपर्ने क्रियाकलापहरू

- नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, स्थानीय तहसंग सम्बन्धित विषयगत ऐनहरू दीगो विकासको राष्ट्रिय लक्ष्यहरू, शहरी विकासका मापदण्डहरू विषयगत ऐन, नियम तथा मापदण्डहरू आदि अध्ययन गरी पुनरावलोकन गर्ने ।
- सम्बन्धित सरोकारवालाहरूसंग छलफल गरी सुझावहरू सङ्कलन गर्ने ।
- प्राप्त सुझाव तथा अध्ययनको आधारमा राष्ट्रिय मापदण्डको मस्यौदा तयार गर्ने ।
- तयार गरिएको राष्ट्रिय मापदण्डलाई प्राविधिक सहजीकरण समिति समक्ष पेश गरी परिमार्जन गर्ने ।
- परिमार्जित मस्यौदालाई कम्तिमा एक नगरपालिका र एक गाउँपालिकामा Validate गर्ने ।
- अन्तिम मस्यौदालाई मन्त्रालयमा पेश गर्ने र मन्त्रालयबाट प्राप्त राय सुझावहरूलाई समावेश गरी तथा प्रतिवेदनको भाषा सम्पादन गरी पेश गर्ने ।
- दस्तावेज तयार गर्दा अन्तर्राष्ट्रिय अभ्यासको अध्ययन गरी नेपाल सान्दर्भिक बनाउने ।
- प्राविधिक समितिको सुझाव र सल्लाह अनुसार आफ्नो कार्यहरू गर्ने ।
- आवश्यकता अनुसार कार्यशालाको आयोजना र सहजीकरण गर्ने ।
- अन्तिम मस्यौदामा कम्तिमा अनुसूचि १ -मा उल्लेख भएका विषयहरु समेत समावेश गर्ने ।

## ७. अध्ययन गर्नुपर्ने मुख्यमुख्य दस्तावेजहरु

- संवैधानिक प्रावधानहरू
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- Nepal Urban Development Strategy
- वातावरण सम्बन्धी मापदण्डहरू
- भवन निर्माण सम्बन्धी मापदण्डहरू
- अन्तर्राष्ट्रिय मापदण्ड तथा संहिताहरू
- अन्य सान्दर्भिक प्रकाशन तथा अध्ययन प्रतिवेदन

## ८.परामर्शमा संलग्न हुने जनशक्तिको योग्यता र अनुभवः

| जनशक्ति | योग्यता र अनुभव |
|---|---|
| संयोजक (१) | मान्यताप्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातकोत्तर गरेको, स्थानीय तहको उच्च व्यवस्थापन तहमा रही कम्तिमा ७ बर्ष काम गरेको । |
| सदस्य (१) | मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर गरेको र स्थानीय सुशासको क्षेत्रमा रही कम्तिमा ७ बर्षको अनुभव प्राप्त गरेको । |
| सहयोगी (१) | नेपाली भाषामा टाईप गर्न जान्ने । |

## ९.प्राविधिक सहजीकरण समिति

परामर्शदाताबाट प्राप्त प्रतिवेदन उपर आवश्यक अध्ययन, छलफल तथा परिमार्जन गरी अन्तिम प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्न सङ्घीय मामिला महाशाखा प्रमुखज्यूको संयोजकत्वमा देहाय बमोजिमको प्राविधिक सहजीकरण समिति रहनेछ र यस सम्बन्धी सचिवालयको काम स्थानीय तह समन्वय शाखाले गर्नेछः

१. सहसचिव, महाशाखा सङ्घीय मामिला महाशाखा - संयोजक
२. शाखा प्रमुख स्थानीय तह समन्वय शाखा - सदस्य
३. प्रतिनिधि (उपसचिव) स्थानीय पूर्वाधार विभाग - सदस्य
४. नेपाल नगरपालिका सङ्घका प्रतिनिधि - सदस्य
५. नेपाल राष्ट्रिय गाउँपालिका सङ्घका प्रतिनिधि - सदस्य

## १०.बजेट

यस कार्यको लागि परामर्शदाताको सेवा खरिद रु. ५ (पाँच) लाख रहेको छ ।

## ११. समयसीमा र उपलब्धिः

देहाय बमोजिम निर्धारीत कार्यतालिका अनुसार ३ महिनाको अवधिमा कार्यसम्पादन गर्नु पर्ने छ ।

| सि.नं. | कार्यविवरण | समय सीमा | जिम्मेवारी | उपलब्धि |
|---|---|---|---|---|
| १ | परामर्शदाता बाट प्रारम्भिक कार्ययोजना प्राप्त गर्ने । | सम्झौता भएको दुई हप्ता | परामर्शदाता, | प्रारम्भिक कार्ययोजना प्राप्त हुने । |
| २ | परामर्शदाताबाट सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रहेको समिति तथा सरोकारवाला निकायहरूसंग छलफल गरि मस्यौदा मापदण्ड तयार गर्ने । | सम्झौता भएको सात हप्ता | परामर्शदाता, | मस्यौदा मापदण्ड तयार हुने |
| ३ | प्राप्त प्रारम्भिक मस्यौदा उपर सरोकारवालाहरु बीच छलफल गर्न कार्यशालाको आयोजना गर्ने । | सम्झौता भएको आठ हप्ता | परामर्शदाता, का.स.ई | सरोकारवाला बाट पृष्ठपोषण प्राप्त भएको हुने, |
| ४ | परामर्शदाताबाट मस्यौदाको परिमार्जन गरी पहीलो संस्करण प्राप्ती | सम्झौता भएको नौ हप्ता | परामर्शदाता, का.स.ई | अन्तिम मस्यौदा तयार गरी प्राप्त हुने |
| ५ | पहिलो संस्करण कम्तिमा एक महानगरपालिका र एक स्थानीय तहमा प्रमाणिकरण(Validate) गर्ने | सम्झौता भएको दश हप्ता | परामर्शदाता, का.स.ई | महानगर र स्थानीय तहलाइ मान्य हुने गरी पृष्ठपोषण प्राप्त हुने |
| ६ | Validate गरी परिमार्जन सहित प्राप्त मस्यौदा उपर मन्त्रालयमा छलफल | सम्झौता भएको एघार हप्ता | परामर्शदाता, का.स.ई | पृष्ठपोषण प्राप्त भएको हुने |
| ७ | अन्तिम प्रतिवेदन तयारी र अन्तिम स्थानीय सेवाको राष्ट्रिय मापदण्ड प्राप्ती | सम्झौता भएको बाह्र हप्ता | परामर्शदाता, का.स.ई | अन्तिम मापदण्ड तयार हुने |

**१२. भुक्तानी प्रक्रिया**

खरिद सम्झौता भएपछि निम्नानुसार भुक्तानी हुनेछ ।

- सामान्यतः कार्यसम्पन्न भई सकेपछि परामर्शदातालाई संझौताबमोजिमको एकमुष्ट रकम भुक्तानी गरिने छ ।तर, पहिलो मस्यौदा प्रतिवेदन प्राप्त भएपछि सम्झौता रकमको ४० प्रतिशत सम्म रकम भुक्तानी गर्न सकिनेछ ।
- अन्तिम मस्यौदा पेश भई कार्यालयले तोकिएको प्रक्रिया र ढाँचा अनुसार भए नभएको हेरी स्वीकार गरेपछि सम्झौता रकमको बाँकी ५० प्रतिशत रकम भुक्तानी गरिनेछ ।

**१३. परामर्शदाताले पेश गर्नु पर्ने कागजातहरु**

क) चालू आ.व. को लागि नविकरण गरेको संस्था दर्ता प्रमाणपत्र

ख) गत आ.व . सम्मको कर चुक्ता भएको प्रमाणपत्र

ग) मूल्य अभिवृद्धि करको प्रमाणपत्र

घ) नेपाल सरकारको पूर्ण स्वामित्व भएको विश्वविद्यालय, सार्वजनिक संस्था, तालिम केन्द्र आदिका लागि क), ख) र ग) को योग्यता आवश्यक नपर्ने ।

**अनुसूचि - १ स्थानीय तहबाट प्रदान गरिने सेवाको मापदण्डमा समावेश गर्नुपर्ने केही विषयक्षेत्रहरू**

१) जनसंख्या, सडक घनत्व, सवारी साधनका संख्याको आधारमा प्रतिलाख जनसंख्यामा आवश्यक नगरप्रहरीहरूको संख्या र नगरप्रहरीहरूको योग्यता

२) सहकारी संस्थाहरूको नियमनको लागि आवश्यक कर्मचारीको संख्या र कर्मचारीको न्यूनतम योग्यता

३) स्थानीय कर सम्बन्धी न्यूनतम कर मापदण्डहरू

४) आधारभूत शिक्षा र माध्यमिक शिक्षा सम्बन्धी न्यूनतम सेवा मापदण्ड

५) आधारभूत स्वास्थ्य र सरसफाईसम्बन्धी मापदण्ड

६) स्थानीय सडक सम्बन्धी मापदण्ड

७) सडकदेखि बाहेक अन्य स्थानीय क्षेत्रका मापदण्ड

८) वातावरण र विपद्को सेवा सम्बन्धी आधारभूत मापदण्ड

९) स्थानीय आर्थिक विकासका मापदण्ड

१०) शहरी विकास सम्बन्धी मापदण्डहरू

११) कृषि प्रसार र पशु सेवा विकास सम्बन्धी मापदण्ड

१२) खानेपानी र स्थानीय उर्जा सम्बन्धी मापदण्ड

१३) यातायात सेवा सम्बन्धी मापदण्ड

१४) घटना दर्ता सम्बन्धी मापदण्ड

१५) अन्य सान्दर्भिक मापदण्डहरू